# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४ )जनकपुरधाम,नेपाल, पुष २८ गते,२०७७ साल(अतिरिक्ताङ्क ७(क)

भाग २

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## शान्तिको लागि खेलकुद कार्यक्रम संचालन कार्यविधि, २०७७

विनियोजन ऐन,२०७७ को दफा २० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. २ को प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम "शान्तिको लागि खेलकुद कार्यक्रम संचालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यक्रम व्यवस्थापन समिति" भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्छ।

(ख) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा सक्रिय रहने कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित व्यावसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेलहरुलाई समेत जनाउँछ।

(ग)"खेलाडी" भन्नाले खेलकुदमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(घ) "पालिका" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहा नगरपालिका र महानगरपालिका समेतलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) "व्यवस्थापक" भन्नाले खेलकुद कार्य गराउनमा संलग्न प्रशिक्षक, रेफ्री र सहायक रेफ्री समेतलाई सम्झनु पर्छ ।

३. <u>**कार्यक्रमहरु सञ्चालनः**</u> (१) मन्त्रालयले चालु आ.वं. २०७७/७८ को स्वीकृत वार्षिक बजेट कार्यक्रममा समावेश

भएको शान्तिको लागि खेलकुद कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम मन्त्रालयले प्रदेश स्तरीय वा जिल्ला स्तरीय वा पालिका स्तरीय आयोजना गर्न सक्नेछ ।

(३) मन्त्रालयले कार्यक्रम सञ्चालन गर्दा कुनै संघसंस्था वा पालिकाको सहकार्यमा समेत सञ्चालन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सहकार्यमा कार्यक्रम सञ्चालन गर्दा पचास प्रतिशत भन्दा बढी मन्त्रालयको लगानी हुने भएमा सो को व्यवस्थापन मन्त्रालयले आफैंले गर्नु पर्नेछ।

(५) मन्त्रालयको लगानी पचास प्रतिशत भन्दा कम भएको अवस्थामा सो को व्यवस्थापन सम्बन्धित लगानीकर्ता निकायले गर्नुपर्नेछ ।

(६) संघसंस्था वा पालिकाको सहकार्यमा कार्यक्रम संचालन गर्दा मन्त्रालयबाट अनुसूची-१ मा तोकिएको खर्चभन्दा नबढ्ने गरी खर्च गर्नुपर्नेछ र सम्पूर्ण खर्चको बिलभर्पाई लगायत आवश्यक कागजात भुक्तानीका लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(७) कार्यक्रम हुने स्थान र समय मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) खेलकुद प्रशिक्षण कार्यक्रम संचालन गर्दा प्रदेश खर्च मापदण्ड निर्देशिकाको तालिमको नर्म्स अनुसार संचालन गर्नुपर्नेछ ।

४. **कार्यक्रम व्यवस्थापन समितिः** (१) कार्यक्रम संचालन, व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) राज्यमन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सह संयोजक

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(छ) प्रहरी नायब महानिरीक्षक, प्रदेश प्रहरी कार्यालय, प्रदेश नं. २ -सदस्य

(ज) सम्बन्धित महाशाखा प्रमुख,आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) कार्यक्रम व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्नेछ र उक्त बैठकमा आवश्यकता अनुसार सुरक्षा निकाय, सम्बन्धीत विषयका विज्ञ तथा सरोकारवाला समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिका पदाधिकारीले बैठकमा भाग लिए वापतको भत्ता नियमानुसार कार्यक्रमको लागि विनियोजित बजेटबाट खर्च गर्नु पर्नेछ ।

५. **<u>कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>**
(१) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शान्तिका लागि खेलकुद कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) कार्यक्रम सँग सम्बन्धित प्रस्तावहरु आवश्यकता अनुसार स्वीकृत गर्ने।

(ग) खेल कार्यक्रमको लागि सहभागी हुने टिमको छनौट गर्ने ।

(घ) शान्तिका लागि खेलकुद कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्ने गराउने।

(ङ) शान्तिका लागि खेलकुद कार्यक्रमहरुको खर्च अनुमोदन गर्ने ।

६. **<u>कार्यक्रममा लाग्ने खर्च सम्बन्धि व्यवस्था:</u>** (१) कार्यक्रममा लाग्ने खर्च अनुसूचि -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने खरिद सम्बन्धी कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम नै गर्नुपर्नेछ ।

७. **<u>संशोधन गर्न सक्नेः</u>** मन्त्रालयको सहमतिमा प्रदेश सरकारले यस कार्यविधिलाई संशोधन गर्न सक्नेछ ।

# अनुसुचीः-१

(दफा ३ को उपदफा (६) र दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## कार्यक्रममा लाग्ने खर्च सम्बन्धी व्यवस्था

| क्र.सं. | विवरण | तीन दिन सम्म | सात दिन सम्म | पन्ध्र दिन सम्म | एक महिनासम्म |
|---|---|---|---|---|---|
| १. | उदघाटन समापन खर्च | प्रदेश खर्चमापदण्ड निर्देशिका बमोजिम तोकिएको रकम | | | |
| २. | टेन्ट व्यवस्थापन | प्रति दिन बढीमा रु. २०,०००।- सम्म | | | |
| ३. | खेलकुद सामाग्री | ३५,०००।- | ५०,०००।- | ७०,०००।- | १,००,०००।- |
| ४. | मेडिकल सामाग्री | १०,०००।- | २०,०००।- | ३०,०००।- | ४०,०००।- |
| ५. | खेलाडीको खाना, खाजा खर्च | प्रति खेलाडी प्रति दिन रु.७००।- का दरले खेलकुदमा भाग लिएको दिनसम्म | | | |
| ६. | खेलाडीको वास खर्च | प्रति खेलाडी प्रति दिन रु.३००।- का दरले खेलकुदमा भाग लिएको दिनसम्म | | | |
| ७. | इन्धन खर्च | १०,०००।- | २०,०००।- | ३०,०००।- | ४०,०००।- |
| ८. | व्यवस्थापक भत्ता | प्रति दिन रु. १५००।- का दरले खेलकुदमा खटिएको दिन सम्म | | | |
| ९. | यातायात खर्च | प्रचलित भाडादर अनुसारको रकम | | | |
| १०. | मेडल ट्रफी प्रमाणपत्रको लागि | १०,०००।- | १५,०००।- | २०,०००।- | २५,०००।- |
| ११क. | प्रथम पुरस्कार | २५,०००।- | ३१,०००।- | ५१,०००।- | ७५,०००।- |
| ११ख. | द्धितीय पुरस्कार | २०,०००।- | २५,०००।- | ४१,०००।- | ५५,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ग. | तृतीय पुरस्कार | १५,०००।- | २०,०००।- | ३१,०००।- | ४५,०००।- |
| १२. | ब्यानर | ४,०००।- | | | |
| १३. | प्रसारण खर्च | प्रति दिन बढीमा रु. १०,०००।- सम्म | | | |
| १४. | विविध(चिया, पानी, सरसफाई) | १०,०००।- | २०,०००।- | ३०,०००।- | ४०,०००।- |

नोटः माथि उल्लेखित क्र.सं. ११क., ११ख. र ११ग. को हकमा प्रति खेलमा एक खेलाडी भएमा २० प्रतिशत रकम मात्र उपलब्ध गराउन सकिनेछ ।

**स्विकृत मितिः-२०७७।०९।२८**

**आज्ञाले,**
**वीरेन्द्र कुमार यादव**
**प्रदेश सरकारको सचिव**